# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चौरपाटी गाउँपालिका
## अछाम

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चौरपाटी गाउँपालिका

## अछाम

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चौरपाटी गाउँपालिका

## अछाम

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ८९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

चौरपाटी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

अछाम ।

१. **कैफियत सहितको राय –** हामीले चौरपाटी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ६९ लाख ७७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२३ लाख ६ हजार, नियमित गर्नुपर्ने रु. ३९ लाख १३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२ करोड ५ लाख ५८ हजार र शोधभर्ना गर्नुपर्ने रु.२ लाख समेत रु.२ करोड ६९ लाख ७७ हजार रहेको छ ।चौरपाटी गाउँपालिकाको गतवर्ष सम्म रु.१४ करोड ७० लाख ५१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१७ करोड ४० लाख २८ हजार रहेको छ

। चौरपाटी गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने चौरपाटी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी चौरपाटी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( पशुपति कुमार काफ्ले )

**नायब महालेखापरीक्षक**

# चौरपाटी गाउँपालिका,

## अछाम ।

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७९ | ७९ | २६९७७ | ० | ० | ० | ७९ | ७९ | २६९७७ | २३०६ | ३९१३ | २०५५८ | ० | २०० | २४६७१ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अछाम | १४७०५१ | ० | ० | १४७०५१ | ० | २६९७७ | १७४०२८ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेका छन भने क्षेत्रफल १८२.१६ वर्ग किलोमिटर तथा २५,१४९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को कार्यालयगत लेखापरीक्षण योजना अनुसार परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।६ देखि २०८०।७।२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय र व्ययतर्फ रु. १ अर्ब २० करोड ३५ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२. **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३. **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४. **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।९ मा रु.४५ करोड ३७ लाख २५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।९ मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

५. **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण

र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ०७ वडाको लागि वडागत र पालिकास्तरका कुल १२९ योजनामा वजेट विनियोजन गरेको छ।

| कार्यक्रको नाम | योजना संख्या | रु. २० लाख माथिका योजना संख्या | रु. ५ लाख देखि २० लाख सम्मका योजना संख्या | रु. ५ लाखभन्दा कमका योजना संख्या |
|---|---|---|---|---|
| पालिका तथा वडा स्तरीय | १२९ | ४ | ३५ | ९० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावीहिन हुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये सवै योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

६. **रकमान्तर गरी खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पुँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निर्णय बमोजिम बिभिन्न शिर्षकमा कुल रु.१,५३,०३,२६३ अर्थात कुल बजेट रु.४२,१७,७७,५८५ को ३.६ प्रतिशत र कुनै शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बिनियोजन ऐनमा ब्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ ।

७. **सेवा प्रवाहको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १८ वटा ऐन, ६ वटा नियमावली र २८ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|

| | |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १३६३ |
| मृत्युदर्ता | २३३ |
| बसाईसराई दर्ता | १७२ |
| विवाह दर्ता | २३० |
| सम्बन्धविच्छेद दर्ता | २ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

---

८. **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर सहित ३४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

---

९. **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा सहित कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. २,३६,८९,०१६ भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य मनाशिब नदेखिएकाले यस्तो कार्यमा पालिकाले ध्यान दिई ऐनको कार्यान्वयनमा जोड दिनुपर्दछ।

१०. **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको २ गरी कुल ३ विवाद दर्ता भएकोमा २ वटा मात्र फस्यौंट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

---

११. **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)सम्बन्धमा निम्नअनुसार देखिएको छः

---

११.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२,१९,४६,७०४ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ४,४५,२२,९१०.६१ र गरिवसँग विश्वेश्वरको रु.४,५१,४०१ समेत गरी जम्मा रु १६,६९,२१,०१५.६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

---

११.२ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.७,३८,४००.५, यस वर्षको प्राप्ति रु. १८,१०,१७,०१०.०३, यस वर्षको भुक्तानी रु.१८,१२,२८,९२५.०१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १०९६२९२४.९७ | ४२८८९१००४.५० | ४१२४२१०९१.३३ | २७९५९३२४.०७ |
| एकीकृत आर्थिक विवरणअनुसार | ११७०१३२५.४७ | ६०९९०८०१४.५३ | ५९३६५००१६.३४ | २७९५९३२४.०७ |
| फरक | ७३८४००.५ | १८१०१७०१०.०३ | १८१२२८९२५.०१ | ० |

११.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १,१७,०१,४०५.५७ मौज्दात रहेकोमा यो वर्ष रु. १,०९,६२,९२४.९७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७,३८,४८०.६ घटी जिम्मेवारी सारेको सम्बन्धमा विविध खर्च खाताको रु ७,३८,४०० आम्दानी बाँध्दा यो बर्षकोमा थप भएको र धरौटी तर्फको आम्दानी बाँध्दा ८०.१० बढी आम्दानी बाधिएकोले रु. ७,३८,४८०.६ फरक परेको म.ले.प.फा.नं २७२ मा पालिकाले उल्लेख गरेको छ।

११.४ **सर्शत अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार संचित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक बर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त, बिशेष र समपुरक अनुदान स्थानीय तहले संचित कोषमा फिर्ता गर्नु पर्ने व्यवस्था छ। सुत्रबाट तयार भएको पालिकाको यसबर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु. १८,७५,००० देखिएकाले बाँकी रकम फिर्ता गरी हिसाब फरफारक गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,७५,००० |

११.५ **हिसाब मिलान-** पालिकाले उपलब्ध गराएको एकिकृत वित्तीय विवरण अनुसार संघीय वित्तीय समानीकरण अनुदान तर्फ रु ९,४२,५७,५०० रहेकोमा सुत्रको म.ले.प.फा.नं. २७२ अनुसार ९,४०,१५,९९६.९७ देखिएकोले फरक रकमका सम्बन्धमा यकिन गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४१,५०३.०३ |

११.६ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब

मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तहसञ्चित कोष खाता | १९६८९९५६.८४ | १९६८९९५६.८४ | ० |
| चालु खर्चखाता | ० | ० | ० |
| पुँजीगत खर्चखाता | ० | ० | ० |
| विविधखर्च खाता | ० | ० | ० |
| विपद व्यवस्थापन खाता | ७०३१९ | ७०३१९ | |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारीकल्याणकोष खाता | ० | ० | ० |
| धरौटी | ७४६०६४८.२३ | ७४६०६४८.२३ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ग ५.१, स्थानीय तह विविध कोष खाता खाता | ७३८४०० | ७३८४०० | ० |
| बैङ्क | २७९५९३२४.०७ | २७९५९३२४.०७ | |
| **जम्मा** | | | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

१२. **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

• बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारीत म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पुर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन,साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई परिमाणमुखी नभएको,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेस र स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाईएन,

• सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

• सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा लागु गर्नु पर्नेमा नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गरेको पाइएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पुर्णरुपमा कार्यान्वयनमा आएको पाइएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन,

• दिगो बिकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना भएको पाईएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाईएन

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था भएकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाईएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको पाईएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाईएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि ,२०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाईएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

तसर्थ : आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

---

१३. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

---

१४. **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १,२४,१०,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १,०९,४८,४१२.७९ अर्थात अनुमान भन्दा १२ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

---

१५. **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा संघीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| संघीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३४,०१,८५,००० | १,०९,४८,४१२.७९ | ३.२२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त संघीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.२२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

---

१६. **राजश्व बाँडफाँड -** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्दछ ।

| **आय शीर्षक** | **पठाएको रकम** | **पठाउन बाँकी रकम** |
|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ० | ७३,३८८ |

---

१७. **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| सम्पत्ति बहाल तथा पट्टा बापतको आयमा लाग्ने कर | १,००,००,००० | ४५,३३,२७९.२० | ४५.३३ |
| अन्य कर | २४,१०,००० | ६४,१५,१३३.५९ | २६६ |
| जम्मा | १,२४,१०,००० | १,०९,४८,४१२.७९ | ८८.२२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

---

१८. **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर सङ्कलन गरेको पाईएन साथै पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन ।तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

---

१९. **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १३ वटा ऐन, ७ वटा नियमावली, २९ कार्यविधि लगायत ४९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । उल्लेखित कानुनहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ।

---

२०. **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष खेलकुद पूर्वधार निर्माण वडा नं १ योजनाको श्री मालिका निर्माण सेवालाई रु ३,१७,००० दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

---

२१. **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | ११,६७,१७,९९४.४१ | ६०,३३,३२६.८४ | १२१८६३६८.९५ | ४,५४,०९,९८९.५५ | ५३०८८३०९.०७ | ३,९२,३३,७३८.६८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रतिशत | १०० | ५.१७ | १०.४४ | ३८.९१ | ४५.४८ | ३३.६१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ११,६७,१७,९९४.४१ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ६०,३३,३२६.८४ (५.१७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १२१८६३६८.९५ (१०.४४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ४,५४,०९,९८९.५५ (३८.९१ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ५,३०,८८,३०९.०७ (४५.४८ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ३,९२,३३,७३८.६८ (३३.६१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रमअनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुनेगरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्नेदेखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्चगर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

---

२२. **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **जम्मा खर्चको तुलनामा खर्च प्रतिशत** | |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २२७९४००० | १७८४६६६९ | ४.३३ | |
| २ | पूर्वाधार विकास | ५४५४१४९१ | ४४९४९५५०.११ | १०.९३ | |
| ३ | सामाजिक विकास | २५७८३१०२२.६९ | २३५८५७८६२.२८ | ५७.४ | |
| ४ | बातावरण तथा विकास | | | | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५६११९२० | १४१३३९९० | ३.४४ | |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १२५१४९९३७ | ९८४०१९०८.८० | २३.९ | |

| | | | | |
|---|---|---|---|---|
| **जम्मा** | ४७५९२८३७०.६९ | ४१११८९९८०.१९ | | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये बातावरण तथा विकासमा बजेट विनियोजन नभएको तथा बजेट विनियोजन भएको मध्ये संस्थागत विकासमा सबैभन्दा घटी ३.४४ प्रतिशत र सामाजिक विकासमा सबैभन्दा बढी ५७.४ प्रतिशत बजेट खर्च गरेको छ। । पालिकाले सन्तुलित बजेट विनियोजन गरी खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

२३. **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१५,०५,९२० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१,०९,४८,४१२.७९ को १३.७५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२४. **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु १,०९,४८,४१२.७९ राजस्व बाँडफाँड र अनुदानबाट रु.४१,०८,२९,१७२.६२ समेत रु ४२,१७,७७,५८५.४१ आम्दानी भएकोमा चालु तर्फ रु २९,११,९९,४९०.७८ र पूँजिगत तर्फ रु ११,६७,१७,९९४.४१ समेत कुल रु ४०,७९,१७,४८५.१९ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २.६८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ७८३२५०० खर्च भएको छ जुन आन्तरिक आयको ७१.५४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७१.३९ प्रतिशत चालु र २८.६१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२५. **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ११,६७,१७,९९४.४१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२६. **आन्तरिक आय तर्फ -**

२६.१ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा

पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन् एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ देखियो ।

२६.२ **निरीक्षण नभएको -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु. १,०९,४८,४१२।७९ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन । यसमा पालिकाले ध्यान दिनुपर्दछ ।

२७. **पारिश्रमिक कर -** आयकर नियमावली,२०५९ को नियम ३१ मा वार्षिक पारिश्रमिकमा लाग्ने कर दामासाहीको हिसावले मासिक रुपमा कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।त्यस्तै आयकर ऐन, २०५८ को अनुसूचि १ बमोजिम करको दर निर्धारण गरी कर कट्टि गरी पारिश्रमिक भुक्तानी गर्नु पर्नेमा यस पालिकाले निम्न ब्यक्तीको पारिश्रमिक भुक्तानीमा पारिश्रमिक कर अग्रिम रुपमा कट्टि नगरेको देखिएकोले नियमानुसार तपशिल बमोजिमको पारिश्रमिक कर असुल गरी दाखिला गर्नु पर्ने रु.

| क्र.स | नाम | पद | बार्षिक तलव भत्ता | करयोग्य आय | कट्टि गर्नु पर्ने कर रकम | कट्टि गरेको कर रकम | कट्टि गर्न बाँकी कर रकम |
|---|---|---|---|---|---|---|---|
| १ | लोमस अर्याल | एम.वि.वि.एस डाक्टर | ११३५२२० | ११३५२२० | ९६५६० | ११३५२ | ८५२०८ |
| २ | मुकेश कुमार कुँवर | सूचना प्रविधि अधिकृत | ६८३५५७ | ६८३५५७ | ५३५५ | ० | ५३५५ |
| | जम्मा | | | | | | ९०५६३ |
| | | | | | असुल गर्नुपर्ने | | ९०,५६३ |

२८.	**दोहोरो भत्ता भुक्तानी -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ६ को उपनियम ११ मा सरकारी कामकाजको सिलसिलामा भ्रमणमा रहि दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी तथा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यबस्था छ । पालिकाले मिति २०७९।१२।०९ देखि २०७९।१२।१० सम्म सञ्चालन गरेको किसान सूचिकरण कार्यक्रम अन्तर्गत कृषक स्वयम सेवकको क्षमता अभिबृद्धि तालिममा सहजिकरण गरिदिए वापत निम्न पदाधिकारीलाई दैनिक भ्रमण भत्ताका साथै सहजिकरण भत्ता पनि भुक्तानी गरेको पाईयो । अतः भ्रमण खर्च वापतको रकम लिईसकेपछि पुनः सहजिकरण वापतको भत्ता भुक्तानी भएकोले दोहोरो भएको सहजिकरण भत्ता सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.स | नाम थर | पद | कार्यालय | खुद भुक्तानी |
|---|---|---|---|---|
| १ | जसिराम सहानी | कृषि अधिकृत | कृषि ज्ञानकेन्द्र | १०२०० |
| २ | बाल्मिकी प्रसाद जोशी | अधिकृत | भे अ तथा पशु सेवा विज्ञ केन्द्र | १०२०० |
| | | | जम्मा | २०४०० |
| | | | असुल गर्नुपर्ने | २०,४०० |

२९.	**पदाधिकारी बैठक भत्ता -** सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ मा वैठक भत्ताको हकमा एक महिनामा वढीमा २ वटा वैठकसम्मको वैठक भत्ताको रकम भुक्तानी दिन सकिने उल्लेख छ ।पालिकाले तपसिलबमोजिमका पदाधिकारीहरुलाई प्रत्येक महिना सुविधा वापत रकम भुक्तानी गर्दा चार बैठक वरावरको सुविधा रकम भुक्तानी गरेको हुँदा ऐन विपरित वढी भएको प्रत्येक महिनाको दुई वैठकको रकम सम्वन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

| क्र.स | पदाधिकारीको नाम | रकम |
|---|---|---|
| १ | विर वहादुर थापा | २४,०००।- |
| २ | रण वहादुर साउद | २४,०००।- |
| ३ | विरेन्द्र कुमार साउद | २४,०००।- |
| ४ | लाल वहादुर धामी | २४,०००।- |
| ५ | हिउकर्ण खड्का | २४,०००।- |
| ६ | डवल वहादुर खड्का | २४,०००।- |
| ७ | ललित वहादुर वोगटी | २४,०००।- |

| | | |
|---|---|---|
| ८ | कौशि देवी कुँवर | २४,०००।- |
| ९ | कौशि कुमारी साउद | २४,०००।- |
| १० | राधा देवी साउद | २४,०००।- |
| ११ | भगवती कुमारी | २४,०००।- |
| जम्मा | | २,६४,०००।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६४,००० |

३०. **दोहोरो सुविधा -** सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ मा सवारी साधन र ईन्धनको सुविधा प्रयोग गर्ने पदाधिकारीलाई यातायात खर्च वापतको रकम उपलब्ध नगराउने व्यवस्था रहेको छ । पालिकाले उपाध्यक्ष सरदेवी खड्कालाई सवारी साधन र ईन्धनको सुविधा दिईरहेको अवस्थामा पुनः यातायात खर्च वापतको सुविधा प्रति महिना रु.९,०००।का दरले वर्षभरी रु.१,०८,०००। - उपलव्ध गराएको हुँदा ऐन विपरित भएको वढी भुक्तानी सम्वन्धितबाट असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,००० |

३१. **बहुक्षेत्रिय पोषण कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (७) मा तालिम, सेमिनार, गोष्ठी कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछी त्यस्तो कार्यमा भएको खर्च , खरिद गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ । पालिकाले यस आर्थिक वर्षमा बहुक्षेत्रिय पोषण कार्यक्रम संचालन गरेकोमा पोषण सम्वन्धी दिएको तालिमको सम्वन्धमा स्पष्ट हुने गरी तयार गरिएको प्रतिवेदन संलग्न नराखि यातायात खर्च, खाजा खर्च र भ्रमण खर्च वापतको खर्च उल्लेख गरी रु.२,२७,९९०। - खर्च गरेको छ ।नियमावलीमा भएको व्यवस्था अनुसारको प्रतिवेदन तयार गर्ने र अधिकार प्राप्त अधिकारीबाट खर्च प्रमाणित गर्ने गर्नु पर्दछ ।

३२. **बिल भरपाई पेस नगरेको -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली नियम ३९(५) मा सरकारी खर्च गर्दा विल भरपाई राख्नुपर्ने उल्लेख छ । कार्यालयले गौ.भौ नं. १३९/२०७९/११/१८ बाट विभिन्न मिडियाहरुलाई रु. १,६८,००० र गौ.भौ नं. १९४/२०७९/११/१८ बाट रेडियो बान्नीगढीलाई रु.१,००,००० भुक्तानी दिएकोमा कार्यालयले कुन मितिमा कुन सूचना पठाएको तथा एफ.एमले प्रसारण गरेको प्रमाण तथा एफ.एमको बिल संलग्न गरेको पाईएन । खर्च पुष्टि हुने आधार, प्रमाण तथा बिल बेगर खर्च लेखेको रकम प्रमाण पेस गर्नुपर्दछ रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६८,००० |

३३. **भ्रमण तथा अवलोकन खर्च -** सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ र भ्रमण खर्च नियमावली , २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र अर्थात आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले तोकिए बमोजिमको दरमा दैनिक भत्ता पाउने उल्लेख छ ।पालिकाले तपशिल बमोजिमका १८ जना लाई भ्रमण तथा अवलोकनमा गएको उल्लेख गरी गाडी भाडामा रु.२,२०,०००।- ,फुटकर खर्च रु.८,०००।का दरले १८ जनाको रु.१,४४,०००।- र दैनिक भत्ता प्रतिव्यक्ती रु.१,२००।- का दरले १० दिनको रु.१२,०००।- हुने गरी १७ जनाको रु.२,०४,०००।, पालिका उपाध्यक्षको रु.१६,००।- का दरले १० दिनको रु. १६,०००।- र अन्य रु.१६,१४०।- गरी जम्मा ६,००,१४०।- खर्च गरेको छ । ऐन तथा नियमावलीले व्यवस्था गरेको भन्दा वढीका दरले भुक्तानी गरेको फुटकर खर्च वापतको रकम रु.१,०८,०००।- र स्पष्ट प्रयोजन ,उदेश्य वेगर विना स्वीकृत ७ दिन भन्दा वढीको भ्रमण खर्च वापत रु.६६,०००। - गरी जम्मा रु.१,७४,०००। - भुक्तानी दिनु मनासिव देखिएन । यसरी ऐन तथा नियमावलीले तोकेभन्दा वढीका दरले भुक्तानी भएको रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| **क्र.स** | **नाम** | **फुटकर खर्चमा भएको वढी** | **दैनिक भ्रमणमा भत्तामा भएको वढी** | **जम्मा** |
|---|---|---|---|---|
| १ | सरदेवि खड्का | ६००० | ४८०० | १०,८००।- |
| २ | विर वहादुर थापा | ६००० | ३६०० | ९,६००।- |
| ३ | रण वहादुर साउद | ६००० | ३६०० | ९,६००।- |
| ४ | बिरेन्द्र वहादुर साउद | ६००० | ३६०० | ९,६००।- |
| ५ | लाल वहादुर धामी | ६००० | ३६०० | ९,६००।- |
| ६ | हिम्कर्ण खड्का | ६००० | ३६०० | ९,६००।- |
| ७ | डवल खड्का | ६००० | ३६०० | ९,६००।- |
| ८ | ललित वहादुर वोगटी | ६००० | ३६०० | ९,६००।- |
| ९ | कौशि साउद | ६००० | ३६०० | ९,६००।- |
| १० | राधा देवि साउद | ६००० | ३६०० | ९,६००।- |
| ११ | कौशि कुँवर | ६००० | ३६०० | ९,६००।- |
| १२ | भगवती पान्डे | ६००० | ३६०० | ९,६००।- |
| १३ | भरत वहादुर विश्वकर्मा | ६००० | ३६०० | ९,६००।- |

| | | | | |
|---|---|---|---|---|
| १४ | भक्ते कामी | ६००० | ३६०० | ९,६००।- |
| १५ | रेवन्त वहादुर बोहरा | ६००० | ३६०० | ९,६००।- |
| १६ | कपिल बिष्ट | ६००० | ३६०० | ९,६००।- |
| १७ | पदम वहादुर साउद | ६००० | ३६०० | ९,६००।- |
| १८ | वल वहादुर साउद | ६००० | ३६०० | ९,६००।- |
| | | | | १,७४,०००।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७४,००० |

३४. **ईन्धन खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ । पालिकाले आ.व २०७९/८० मा ईन्धन पदाधिकारी शिर्षकबाट रु.२३,००१। - ईन्धन कार्यालय प्रयोजन शिर्षकबाट रु.१९,६०,६५०।र ईन्धन अन्य प्रयोजन शिर्षकबाट रु.६५,१०,८५५।- गरी जम्मा रु.८४,९४,५०६।- खर्च गरेको छ । प्रयोगकर्ता, प्रयोजन र भ्रमण किलोमिटर जस्ता व्यहोरा स्पष्ट खुलाई ईन्धन उपलब्ध गराउनु पर्नेमा सो बेगर तथा लगबुक तयार नगरी ईन्धन खर्च गरेको पाईयो। निर्माण कार्यमा पालिकाको डोजरको प्रयोग भएको हुँदा ईन्धन खपत वढी भएको पालिकाले जानकारी दिएपनी व्यवस्थित अभिलेख नहुँदा यस सम्वन्धमा एकिन हुन सकेन । पालिकाले यस्तो कार्यमा सुधार गरी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने तथा खर्च गर्दा मितव्ययीरुपमा गर्ने प्रवन्ध मिलाउनु पर्दछ ।

३५. **जरिवाना** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ ।यस पालिकाले विधुत महसुल वापतको रकम भुक्तानी गर्दा विल रकम रु.१,६९,७१९।- मा रु.२५,२८१।-जरिवाना सहित रु.१,९५,०००।- भुक्तानी गरेको छ । समयमै विधुत महसुल नतिरी उच्च प्रतिशतमा जरिवाना सहित भुक्तानी गर्नु नियमसम्मत देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | २५,२८१ |

३६. **बितरण भरपाई नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले देहायका सामाग्री खरिद गरि वितरण भरपाई संलग्न नगरेको पाईयोः

| गोभौ/मिति | सामाग्री | संख्या | रकम |
|---|---|---|---|
| ६४/२०७९।७।२८ | त्रिपाल | १९९ | ४८४१८८ |
| ७०/२०७९।७।३० | त्रिपाल | ३०० | ६४०७१० |
| ६०/२०७९।७।६ | रेनकोट | २३ | ९८५७४ |
| जम्मा | | | १२,२३,४७२ |

उल्लेख सामाग्रीको वितरण भरपाई पेश गर्नु पर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,२३,४७२ |

३७. **वडागत खर्च -** पालिकाको बजेटमा प्रत्येक वडालाई नियमित खर्च प्रयोजनका लागि विनियोजित रकम र वडाहरुले गरेको खर्च देहायबमोजिम देखिन्छः

| वडा नं | बिनियोजित रकम | खर्च रकम |
|---|---|---|
| १ | ६,००,००० | ५,९९,९९९ |
| २ | ६,००,००० | ५,८५,९५१ |
| ३ | ७,४८,००० | ७,४८,९९९ |
| ४ | ६,००,००० | ५,९९,५३० |
| ५ | ७,५४,००० | ७,५४,००० |
| ६ | ६००००० | ५,९९,९९९ |
| ७ | १०,१८,००० | १०,१८,००० |

वडाहरुले खर्च गरि विल भरपाई पेश गरेको आधारमा वडा सचिवको नाममा पालिकाबाट भुक्तानी भएको, पालिकाले गर्ने प्रकृतिका कार्य वडाले पनि गर्ने गरेकोले काममा दोहोरोपना भएको देखिन्छ। प्रहरी चौकीको खर्च भुक्तानी, शिक्षक पारिश्रमिक छात्रवृत्ति प्रदान जस्ता आफ्नो अधिकार क्षेत्रभन्दा वाहिरका कार्यहरुमा पनि खर्च गरिएको छ।साथै वडाले खरिद गरेका सामाग्रीहरुको एकिकृत रुपमा पाम्समा दाखिला नभएको तथा सवारीसाधन मर्मत अभिलेख राख्ने नगरिको, कतिपय खरिद गरेका सामाग्रीहरु उद्देश्य नखुलेको, सवारीसाधन मर्मत अभिलेख राख्ने नगरेको, इन्धन खर्चको लगबुक नराखिएको देखिन्छ। त्यस्तै कतिपय सामाग्री खरिदको कागजात पेश हुन नसकेको तथा खर्चको प्रयोजन खुल्न नसकेको पाइयो। अतः वडाहरुले गरेको खर्चको भुक्तानी गर्दा वडा सचिवको नाममा भुक्तानी नगरी सम्बन्धित पार्टीलाई

भुक्तानी गर्नु पर्ने, मर्मत तथा इन्धन खर्चको अभिलेख राख्नु पर्ने, कार्यालय व्यवस्थापनलाई आवश्यक रकम मात्र वडाहरुले खर्च गर्नु पर्दछ।

३८. **मिडिया खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ ले खर्चको उपादेयता स्थापित नगरी खर्च नगर्ने, सञ्चार खर्चमा अत्यन्त मितव्ययिता अपनाउने उल्लेख गरिएको छ। पालिकाले यस बर्ष अनलाईन विज्ञापन, सूचना प्रसारण, सचेतनामूलक कार्यक्रम प्रसारण लगायतका खर्च लेखि पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकमा रु. ११,१७,५६४ विभिन्न सञ्चार माध्याम तथा एजेन्सिहरुलाई भुक्तानि गरेको देखिन्छ। साथै वडाहरुबाट, सम्बन्धित कार्यक्रम, योजना अन्तर्गत पनि विज्ञापन लगायतका सञ्चार खर्च गरिएको छ। साथै पालिकाले कतिपय मिडियासँग सम्झौता नगरी भुक्तानी गरेको, खर्च बमोजिम काम भएको पुष्टि हुने प्रसारण भएका भिडियो/अडियो क्लिप, छापिएका विज्ञापनका प्रतिहरु समेत पेश भएको पाईएन। पालिकाले यस किसिमका सञ्चार खर्चमा उच्चतम् मितव्ययिता अपनाई आवश्यकता र औचित्यता पुष्टि भएमा मात्र खर्च गर्नु पर्दछ।

३९. **भ्रमण खर्च -** सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च वापत भ्रमण खर्च शिर्षकबाट रु.३५,८७,०१३।- , अनुगमन तथा मूल्याङ्कन शिर्षकबाट रु.१५,२७,५४५।- र अन्य भ्रमण शिर्षकबाट रु.१,०७,३६०।- गरी जम्मा रु.५२,२१,९१८।- खर्च गरेको छ ।भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन ।

• अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय र स्पष्ट आधार नदेखिएको ।

• भ्रमण पश्चात तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन नखुलाई ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

• अधिकांश भ्रमण आदेशहरुमा भ्रमण आदेश नं नराखेको र भ्रमण अभिलेखमा स्वीकृत भ्रमण आदेश बमोजिमको सम्पूर्ण विवरण अभिलेखमा नजनाएको ।

• स्पष्ट कारण विना भ्रमणमा जाँदा गाडी रिजर्वमा लिई ठुलो रकम भाडामा खर्च गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्चको उच्चतम सदुपयोग भएको भन्ने अबस्था देखिएन । त्यसैले तोकिएको कानुनी

व्यवस्थाको पूर्ण पालना गर्दै भ्रमण खर्चमा मितव्ययीता र प्रभाबकारी हुने गरी खर्च गर्नेतर्फ भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

४०. **सवारी मर्मत -** सवारी साधनको मर्मत गर्दा म. ले. प फाराम नं ४१४ वमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई मर्मत सम्वन्धी कार्य गर्ने र मर्मत गरिएका सामान सम्वन्धी अभिलेख म. ले. प फाराम ४१५ बमोजिम राखी मर्मतको खर्च लेख्नु पर्दछ ।पालिकाले वर्षभरिमा मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्चबाट रु.२०,९४,६९६।- र निर्मित सार्वजनिक सम्पतीको मर्मत सम्भार शिर्षकबाट रु.६,१२,०६६।- सवारी साधन ,ल्यापटप प्रिन्टर लगायत मर्मत गरी रु.२७,०६,७६२।- खर्च गरेको छ । मर्मत गर्दा केही मर्मत आदेश स्वीकृत गरेतापनी अधिकांस पटक मर्मत आदेश स्वीकृत नगरी मर्मतका विलमात्र संलग्न राखि भुक्तानी दिएको पाईयो भने मर्मत अभिलेख पनी अद्यावधिक गरेको देखिएन ।सबै साधन मर्मत गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत अभिलेख अद्यावधिक गरेरमात्र खर्च लेख्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४१. **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

४२. **विपद व्यबस्थापन तर्फ-**

४२.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन । ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ ।

४२.२ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ । पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन । विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ ।

४२.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

---

४३. **जिन्सी एकीकृत नभएको** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउंपालिका समग्रमा एक कार्यालय भएकोले यस पालिका भित्रका ७ वडा कार्यालय, शिक्षा, स्वास्थ्य, कृषि र पशु जस्ता इकाई समेतको एउटै जिन्सी खातामा खर्च हुने र नहुने मालसमानको एकिकृत जिन्सी विबरण राखी अध्यावधिक अभिलेख राखु पर्ने व्यवस्था रहेको छ । कार्यालयले पेस गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा सम्पत्तीको अवस्था पनि प्रष्टरुपमा खुलेको पाईएन र गाउँपालिका कार्यालयको छुट्टै जिन्सी खाता र अन्य विषयगत निकाय र वडा कार्यालयहरुको छुट्टा छुट्टै अभिलेख राखेको देखिएकोले एकीकृत जिन्सी खाता तयार गरी अध्यावधिक राखु पर्दछ ।

---

४४. **काम काजबाट अलग हुदा समेत सरकारी सम्पत्ती फर्ता नगरेको** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०३(१) मा कुनै सार्वजानिक पद धारण गरेको व्यक्ति आफ्नो पदबाट अलग हुदाँ आफ्नो जिम्मामा रहेको नगद जिन्सी मालसमान तथा अन्य सरकारी सम्पत्ती हालवालालाई वा हालवाला नभए कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नुपर्ने व्यबस्था छ तर लेखारीक्षणको क्रममा जिन्सी शाखाबाट प्राप्त जानकारी अनुसार जिन्सी शाखाले कार्यालयको सामान फिर्ता गर्न पटकपटक लिखित र मौखिक गर्दा समेत लेखापरीक्षण हुदा वखत सम्म निम्न पदाधिकारी तथा कर्मचारीले यस कार्यालयको कामबाट अलग भैसक्दा समेत आफ्नो जिम्मामा रहेको सरकारी सम्पत्ती बरबुझारथ नगरेको हुदा सम्बन्धित पदाधिकारी तथा कर्मचारीबाट असुल हुनुपर्ने रु.

| **पदाधिकारी तर्फ:** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स | नाम थर | पद | समानको नाम | समान बुझेको मिति | परिमाण | रकम(दर) | जम्मा |
| १ | राम बहादुर साउद | पूर्व-वडा अध्यक्ष-३ | ल्यापटप I3Dell | २०७५/११/८ | १ | ६१५०० | ६१५०० |
| २ | गणेश बहादुर बोगटी | पूर्व-वडा अध्यक्ष-७ | ल्यापटप I3Dell | २०७५/११/८ | १ | ६१५०० | ६१५०० |
| **कर्मचारीतर्फ:** | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | दिनेश खड्का | सूचना व्यबस्थापक | ल्यापटप LGI5 | २०७७/२२/२२ | १ | ८२००० | ८२००० |
| ४ | राम बहादुर साउद | सब-ईन्जिनियर | ल्यापटप Dell I3 | २०७६/५/८ | १ | ६६३७१ | ६६३७१ |
| जम्मा | | | | | | | २७१३७१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७१,३७१ |

४५. **इलेक्ट्रिक सामाग्री खरिद तथा हस्तान्तरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४५ बमोजिमका कागजातहरु समावेश गरी सार्वाजिक खरिद अनुगमन कार्यालयले निर्दिष्ट गरेको मापदण्ड बमोजिम Special Condition of Contract (scc) तयार गरी दुई पक्षीय रुपमा स्वीकार गरिएको हुनुपर्दछ। ठेक्का नं CRM/ACHHAM/NCB/G/09/2079/080 मार्फत एन्जिला ट्रेड एण्ड सप्लायर्सबाट पालिकाले रु. २४,८२,००० को इलेक्ट्रोनिक्स सामाग्री खरिद गरेको देखिन्छ। यसरी खरिद कार्य गर्दा गरिएको SCC सँग सम्बन्धित कागजातहरु लेखारीक्षणको क्रममा पेश नभएको कारण सम्झौता बमोजिम कार्य सम्पन्न भयो भन्ने बिषयमा यकिन हुन सकिएन। साथै, खरिद गरिएका निम्न इलेक्ट्रोनिक्स सामाग्रीहरु वडा नं १,२ र ३ लाई वितरण गर्ने उद्देश्य रहेको भएपनि खरिद गरिएका सबै सामाग्री वडा नं २ लाई हस्तान्तरण गरेको देखिन्छ।

| क्रम | सामाग्री | परिमाण | रकम |
|---|---|---|---|
| १ | D-Iron | ४ | १०८२५४ |
| | Insulator | ४ | २२४८७ |
| | Dis | ५ | ८५८८० |
| | Dis pin | ५ | ५५९३५ |
| | Spendel | १०० | ३३३३५ |
| | Stay wire | २०० | ७२७७२ |
| | 0.03 conductor Wire | ७ | २३६११३५ |
| | Graff | २० | २६८९४ |
| | GI full 3not 6inch | २५० | ९९८१३ |

उल्लेखित सामाग्रीहरु वडा नं २ ले प्रयोग गरेको पुष्टिहुने प्रमाण विवरण समेत पेश भएको पाईएन। अतः इलेक्ट्रोनिक्स सामाग्रीहरु सम्बन्धित वडालाई आवश्यकता परेको र उक्त सामाग्रीहरुको उचित प्रयोग भएको सम्बन्धमा पालिकाले नापी किताब सहितका आवश्यक कागतजपत्र प्रमाणका रुपमा पेश गर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,८२,००० |

४६. **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र ३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

४७. **पुँजिगत खर्चबाट चालुप्रकृतिको खर्चमा रकमान्तर-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा २०(१) मा पूँजिगत खर्चको लागि विनियोजित रकमम चालू खर्चमा रकमान्तर गर्न नपाईने व्यवस्था छ। पालिकाले निम्न भुक्तानीहरुमा पुँजिगत शिर्षकमा विनियोजित बजेटबाट चालु प्रकृतिका खर्चमा भुक्तानी गरेको पाईयो। केही उदाहरण-

| क्रम | पुँजिगत शिर्षक | खर्च भएको शिर्षक | रकम |
|---|---|---|---|
| १ | चौखुट्टे देखि वडा कार्यालयसम्म ग्रामीण सडक स्तरउन्नती | इन्धन खर्च | ५२१३०४ |
| २ | रोटीखोला खानेपानी निर्माण योजना | पालिकाको डोजर मर्मत | ३८२२३३ |
| ४ | चौरपाटी गापा खेलमैदान स्तरोन्नती | ईन्धन खर्चको भुक्तानी | १७,०७,३२५ |
| ५ | चिराकिटटे देखि घोददाउना ग्रामीण सडक निर्माण योजना | डोजर मर्मत | ४८०००० |

पालिकाले यसरी कानुन बिपरीत रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

४८. **प्रमाण पेश नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले तपसिल बमोजिमको कार्यमा विल मात्र संलग्न राखी भुक्तानी गरेको देखिन्छ । यसरी खरिद गरेका सामानको प्रयोग सम्वन्धमा स्पष्टता नदेखिएको र कार्य भएको खुल्ने

नापी किताव, कार्य स्वीकार प्रतिवेदन लगायतका कार्य भएको प्रष्ट देखिने कागजात संलग्न नरहेको हुँदा सरकारी रकमको सही सदुपयोग भएको छ भन्ने अवस्था रहेन । कार्य भएको प्रष्ट खुल्नेगरी नापी किताव, कार्य स्वीकार प्रतिवेदन लगायत आवश्यक प्रमाण तथा कागजात पेश गर्ने रु.

| क.स | गो भौ नं र मिति | विवरण | भुक्तानी | रकम रु. |
|---|---|---|---|---|
| १ | १४,२०७९/७/२८ | विद्युत लाईन विस्तार | एन्जिला ट्रेड एण्ड सप्लायर्स | ९००३१४ |
| २ | १७९,२०८०/३/५ | पाईप खरिद | मो सकिन ट्रेडस एण्ड सप्लायर्स | १३०००० |
| | १८५/२०८०/३/६ | पाईप खरिद | प्रदिप व वोगटी | २९८६४ |
| जम्मा | | | | १०,६०,१७८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,६०,१७८ |

४९. **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च -** पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु ३३,१०,३६३ भुक्तानी दिएको पाईयो।

| **क सं** | **भुक्तानी पाउने संस्थाको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| १ | इन्द्रसरा आयल स्टोर | इन्धन | २८,०३,२६३ |
| २ | जय बहादुर साउद | घर भाडा | ५०४०० |
| ३ | तुलसी दबी साउद | घर भाडा | २६१००० |
| ४ | नर्जिते साउद् | घर भाडा | ८१९०० |
| ५ | शान्त बहादुर साउद | घर भाडा | १४८५० |
| ६ | भरत बिस्वकर्मा | गाडी भाडा | ८५४५० |
| ७ | निर्प बहादुर कुमाल | गाडी भाडा | १३५०० |
| | **जम्मा** | | ३३,१०,३६३ |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

५०. **फोहरमैला व्यवस्थापन –** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

५१. **आयुर्वेद औषधी खरिद -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।पालिकाले श्री ओजस आयुर्वेद फर्मबाट रु.२,९९,९९०।- को औषधी खरिद गरी दाखिला गरेको पाईयो । खरिद औषधिको वितरण र उपयोगसँग सम्बन्धित कागजात तथा अभिलेख पालिकाले राखेको छैन । तसर्थ औषधि वितरण तथा उपयोगसँग सम्बन्धित कागजात पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९९,९९० |

५२. **राहत तथा उद्दार कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।पालिकाले यस आ.व मा उद्दार, राहत तथा पुनर्स्थापना खर्च/प्रकोप व्यवस्थापन/विपत कार्यक्रमबाट त्रिपाल खरिद तथा वितरण ,उद्दारको लागि सहयोग माग गरेको निवेदन र वडाको सिफारिसको आधारमा उपलव्ध गराएको रकम सहित जम्मा रु.३०,००,०००।खर्च भएको छ । यस सम्वन्धी देखिएको व्यहोराहरु निम्न छन ।

• उद्दार तथा राहतका लागि स्पष्ट मापदण्ड, आधार र वेन्चमार्क्स तयार गरेको छैन ।

• परिचय खुल्ने कुनै कागजात संलग्न नगरेकोले वास्तविक पिडितले राहत प्राप्त गरेको हो/होईन एकिन हुन सकिने अबस्था नरहेको ।

• पालिकाले वितरण गरेको राहत तथा उद्दार कार्यक्रमले जिवनयापनमा सहयोग पुर्‍याएको छ /छैन यस्तो कार्यलाई प्रभावकारी कसरी वनाउने जस्ता विषयमा पालिकाबाट अनुगमन मुल्याँङ्कन तथा पर्याप्त छलफल गरेको पाइएन ।

पालिकाले वितरण गरेको राहत तथा उद्दार कार्यक्रमको प्रभावकारीता सम्वन्धमा नियमित नतिजामुखी अनुगमन गर्दै वास्तविक पिडीतको जीवनस्तरमा सुधार ल्याउने गरी कार्यक्रम संचालन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५३. **राष्ट्रपति रनिङ्ग सिल्ड** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को ३९(११)मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगदी, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ ।पालिकाले आ.व २०७९/८० मा विभिन्न स्थानमा राष्ट्रपती रनिङ्गसिल्ड कार्यक्रममा सहभागिता जनाउदा खाना, खाजा, भत्ता र ड्रेसमा खर्च भएको विल भरपाई संलग्न राखि यस वर्ष रु.५,०१,५४८। - खर्च गरेको छ पालिकाले संचालन गरेको खेलकुद कार्यक्रममा देखिएका समग्र व्यहोराहरुमा खेलाडी र प्रशिक्षक छनोटको प्रष्ट आधार नदेखिएको, खेलाडी र प्रशिक्षकको परिचय खुल्ने कागजात संलग्न नराखेको हुँदा खर्चको यथार्थता एकिन गर्न नसकिएको, कुन दिनमा कति खेलाडी र प्रशिक्षकको लागि के कति खर्च भयो प्रष्ट नभएको, कुन खेलका लागि कति खेलाडीले सहभागिता जनाएका थिए सो लाई पुष्टी गर्ने प्रतिवेदन अथवा अन्य कागजात संलग्न नराखेको र एक पटक पालिकाले खरिद गरेको गेम ड्रेस पुन प्रयोग गर्न मिल्ने नमिल्ने एकिन नगरी छोटो समयमा पटक पटक गेम ड्रेस खरिद गरि वितरण गर्नु पर्ने स्पष्ट कारण विना खरिद तथा वितरण गर्ने गरेको पाईयो ।अतः परिचय खुल्ने कागजात सहित खर्च खुल्ने प्रष्ट आधार र आवश्यकतालाई ख्याल गरि मितव्ययी तरिकाले खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

५४. **कृषि र पशु अनुदान** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।पालिकाले आ.व २०७९/८० मा मिनिकिट वितरण कार्यक्रम, तरकारी विकास कार्यक्रम र नमुना फलफुल बगैचा स्थापना कार्यक्रममा रु.१०,४६,६७१। - खर्च गरेको छ ।यस्तो खर्च गर्दा कार्यालयले कृषक छनोट र अनुदान वितरणका लागि स्पष्ट आधार र मापदण्ड तयार नगरेको, परिचय खुल्ने कुनै कागजात संलग्न नगरेको र कार्यालयबाट प्रदान गरेको अनुदानबाट लाभान्वित कृषकको संख्या खुल्ने तथ्यांक व्यवस्थित नराखेको हुँदा कार्यालयले वितरण गरेको अनुदानको सही सदुपयोग भएको छ भन्ने अवस्था रहेन । कार्यालयले वितरण गरेको अनुदानको प्रभावकारीता सम्वन्धमा नियमित अनुगमन गर्दै अनुदान उपयोगको सुनिश्चितता हुने तथा स्वरोजगारी सिर्जना गरी किसानको जीवनस्तरमा सुधार ल्याउने कार्यक्रम संचालन गर्नतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

५५. **प्रतिलिपिको आधारमा भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले दयापिपलतोला मा.वि छात्राबास र देवियुथ मन्दिर निर्माण कार्यक्रमबाट बोलपत्र सुचना प्रकाशन वापतको रकम भेटघाट मिडिया प्रा.ली लाई प्रतिलिपि विलको आधारमा रु.४,५४,५५५।- भुक्तानी गरेकोले सोको मु.अ.कर समायोजन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,३५५ |

५६. **असम्वन्धित खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी निम्नानुसार खर्च गरेको देखिएको छ :-

| **क्र स** | **गो.भौ.नं र मिति** | **कार्यलय वा संस्थाको नाम** | **कामको प्रकृतिको** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| 1 | ९७,२०७९/११/१९ | पत्रकार महासंघ,अछाम | भवन निर्माण | १९२००० |
| 2 | २१९,२०८०/३/२४ | मदन आश्रित प्रतिष्ठान भवन निर्माण | भवन निर्माण | ४८०००० |
| जम्मा | | | | ६,७२,००० |

यसरी पालिकाले गरेको खर्चलाई मनासिव मान्न नसकिने हुँदा पालिकाले रोजगारी सृजना गरी पालिका भित्रका बासिन्दाको आर्थिक स्तर बृद्धि गर्न सहयोग पुर्‍याउने प्रकृतिका कार्य गर्न प्राथमिकता दिनुपर्ने देखिन्छ ।

५७. **विविध तथा सभा संचालन खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खाना लगायत) रु.३४,१८,५४३ खर्च गरेको छ। सो खर्च पालिकाको आन्तरिक आय रु. १,०९,४८,४१२.७९ को ३१ प्रतिशत हुन आउँछ। यस्तो खर्च अत्याधिक भएको पाइयो । जसका कारण पालिकाको पूँजीगत खर्चमा असर पर्ने हुँदा यस्ता खर्च नियन्त्रण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५८. **दरभाउ माग नगरि खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्तासँग लिखित रुपमा दरभाउपत्र माग गरि खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका खरिदमा दरभाउ माग नगरि खरिद गरेको पाईयोः

| गोभौ/मिति | आपुर्तिकर्ता | रकम |
|---|---|---|
| ६६/२०७९।७।२९ | एन्जिला ट्रेड एण्ड सप्लायर्स | ३,१०,००० |
| ३५८/२०८०।३।२२ | कोमल ट्रेडर्स एण्ड अडर्स | ४,८४,००० |
| जम्मा | | ७,९४,००० |

कानुनको पालना नगरि खरिद गरिएको नियमसम्मत नदेखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ७,९४,००० |

## ५९. ब्याकहोल लोडर खरिद -

५९.१ सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा कुनै मालसामान निर्माण गर्ने कम्पनीले उत्पादनको विशेषता, गुणस्तर र सुविधाका आधारमा तय गरेको विक्री मूल्य सम्वन्धित कम्पनीको वेबसाइट वा कागजात (ब्रोसर) मा सार्वजनिक गरेपछी समानस्तरको मालसामान उत्पादन गर्ने कम्पनीले तोकेको मूल्यमा प्रतिस्पर्धा गराई खरिद गर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१(ख) मा समान स्तरको मालसामान उत्पादन गर्ने वा वितरण गर्ने उत्पादक कम्पनीलाई वा आधिकारिक विक्रेतालाई कम्तिमा पनि सात दिन देखि बढीमा १५ दिन सम्मको लिखित सुचना दिने, मालसामान बिक्री गर्न चाहाने कम्पनी वा आधिकारिक विक्रेताले सार्वजनिक निकायमा निवेदन दर्ता गराउने,सार्वजनिक निकायले सूचि तयार गर्ने र सूचिका आधारमा खरिद गरिने मालसामानको परिमाण खोलि उत्पादक वा अधिकृत बिक्रेताबाट तोकिएको मूल्य र सुविधामध्ये मूल्यमा छुट वा सुविधा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गर्ने र मूल्यमा पाईने छुट र सुविधामा हुने थप समेतका आधारमा मूल्याङ्कन गरी न्युनतम मूल्याङ्कित सारभुत प्रभावग्राही र प्रस्तावदाताको छनोट गर्ने उल्लेख छ ।पालिकाले ब्याकहोल लोडर खरिदका लागि घटाल ट्रेडिङ्ग हाउस प्रा.लि, स्टाण्डर्ड अर्थमुभर्स र ज्ञानु सप्लायर्सलाई सूचना दिएकोमा तिन वटै कम्पनीबाट आर्थिक प्रश्ताव पालिकामा दर्ता भएको र सोही प्रश्तावमा तोकिएको मूल्य र सुविधामध्ये मूल्यमा छुट वा सुविधा थप हुन सक्ने/नसक्नेबारे स्पष्ट नपारी न्युनतम मूल्याङ्कित सारभुत प्रभावग्राही प्रस्तावदाता स्टाण्डर्ड अर्थमुभर्स छनोट गरी रु.५२,५०,०००।मा ब्याकहोल लोडर खरिद गरेको छ । ऐन तथा नियमावलीले व्यवस्था गरेबमोजिमका प्रकृया पुरा गरी सार्वजनिक खर्चमा मितव्ययीता अपनाउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

५९.२ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१(ख) मा प्रश्तावदाता सँग कार्यसम्पादन जमानत लिई खरिद सम्झौता गर्नु पर्ने उल्लेख छ ।साथै नियम ११० को उपनियम ४ मा कार्यसम्पादन जमानतको मान्य अवधी सम्झौतामा उल्लेखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अवधी वा वारेन्टीको अवधीको कम्तिमा एक महिना बढी अवधीको हुनु पर्ने व्यवस्था छ । पालिकाले आपुर्तिकर्ता सँग प्रश्ताव मागि न्युनतम मूल्याङ्कित सारभुत प्रभावग्राही प्रस्तावदाता स्टाण्डर्ड अर्थमुभर्स सँग सम्झौता गरि रु.५२,५०,०००।- को ब्याकहोल लोडर खरिद गर्दा नियममा व्यवस्था भए अनुसार कार्यसम्पादन जमानत पेश नभएको र सम्झौता अनुसार ब्याकहोल लोडरको वारेन्टीको अवधी पनि बाँकी रहेको हुँदा नियमानुसारको कार्यसम्पादन जमानत पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६२,५०० |

६०. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न

सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिका र वडा प्रयोजनका लागि आ.व २०७९/८० मा अन्य कार्यालय संचालन शिर्षक, विविध कार्यक्रम खर्च शिर्षकबाट पनि केहि खरिद गरेको देखिन्छ । मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट मात्र रु.३३,२२,३६३।- कार्यालय सामान खरिद गरेकोमा पुर्णरुपमा प्रतिस्पर्धात्मक विधि अपनाइएको पाईएन ।यस्ता कार्यलाई नियन्त्रण गरी पालिकाले सार्वजनिक खरिद ऐन र नियमावलीले व्यवस्था गरे बमोजिमका खरिद विधि अपनाउन तर्फ पर्याप्त ध्यान दिनु पर्दछ ।

६१. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१ बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचीमा समावेशलाई प्रथमिकिकरण गरेपनि प्राथमिकताका आधारमा रोजगार वितरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी धेरै संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि धेरै रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटो बाटो निर्माण, सडक मर्मत पर्खाल लगाउने लगायतका २३ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष १७५ जनालाई १०० दिनको रोजगारी उपलव्ध गराई रु.१,००,९७,००० खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।

६२. **नमुना विद्यालय अनुदान -**

६२.१ विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार नमुना विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार, शिक्षा मन्त्रालयले नमुना विद्यालय छनौट गरी भौतिक तथा प्राविधिक पुर्वाधार (आइसिटि ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन) विकासका लागि प्रत्येक बर्ष रू. १ करोड ५० लाखका दरले लगातार ३ बर्ष सम्म बजेट विनियोजन गर्ने व्यवस्था अनुसार यस पालिका भित्रको जनता माध्यमिक विद्यालयलाई छनौट गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ११.१.२.४४५ को ८.३ अनुसार नमुना विद्यालयको रूपमा छनौट भएको विद्यालयलाई अनुदान उपलब्ध गराउदाँ विद्यालय र स्थानीय तह विच सम्झौता गरी पहिलो किस्ताको रूपमा ५० प्रतिशत रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रूपमा कुल अनुदान रकमको ३० प्रतिशत रकम अनुदान दिने र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदनसमेत तयार गरी अन्तिम किस्ताको रूपमा कुल अनुदान रकमको

२० प्रतिशत रकम अनुदान दिने व्यवस्था छ। पालिकाले बैजनाथ माध्यमिक विद्यालयसँग सम्झौता गरी रू.९१,८३,७८८।-निकासा गरेको देखियो। उक्त वजेट विद्यालयलाई उपलब्ध गराउँदा विगत वर्षमा भएको निर्माण कार्यको प्रगति, स्वीकृत गुरूयोजनाको वार्षिक कार्यान्वयन योजना, यस आ.व. मा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्ने व्यवस्था छ।सम्झौता अनुसार कार्य प्रगतिको आधारमा क्रमश ५०, ३० र २० प्रतिशतको अनुदान उपलब्ध गराउनुपर्नेमा सोझै रकम निकासा गरेको देखियो। पालिकाले उक्त विद्यालयलाई दिएको अनुदान रकम दिनुको उदेश्य अनुसार काम गरेको देखिने भौतिक निर्माण तर्फको लागत अनुमान, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन प्रमाण र चालु तर्फको खर्च पुष्टी हुने सम्पूर्ण कागजात तथा प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९१,८३,७८८ |

६२.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ।पालिकाले बैजनाथ माध्यमिक विद्यालयको भवन निर्माणका लागि रु.६०,१६,२११.१९ को ठेक्का तथा कार्यस्वीकार प्रतिवेदन पेश गरेकोमा सो अनुसारको नापी किताव पेश गर्नु पर्नेमा रु.५७,२३,७६३.२८ को मात्र पेश भएको बाँकी रु.२,९२,४४७.९१ को नापी किताव पेश नभएको हुँदा वास्तविकता एकिन गरी प्रमाण पेश गर्ने अन्यथा सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९२,४४७.९१ |

६२.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा उल्लेख भए अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्ने उल्लेख छ ।पालिकाले बैजनाथ माध्यमिक विद्यालयलाई भवन निर्माण कार्यको प्रोभिजनल समबाट Insurance =२५००० , Health and safety/Environment project hoarding board =५०००० र Lab test =१५०००० गरी जम्मा रु.२,२५,०००।- भुक्तानी दिँदा सोको सक्कल विल विजकको आधारमा भुक्तानी दिनुपर्नेमा सो बेगर भुक्तानी गरेकोले सक्कल विल विजक पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२५,००० |

६३. **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छः-

यस पालिका अन्तर्गत रहेका ३८ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| सि.न. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | सरस्वती आ.वि | २ | ३ | ३२ | १:१० |
| २ | लक्ष्मी आ.वि | ६ | ६ | ८३ | १:१३ |
| ३ | कालीका आ.वि | १ | १ | ४४ | १:४४ |
| ४ | दक्षिणकाली आ.वि | १ | १ | ६० | १:६० |
| ५ | विद्यामन्दिर आ.वि | १ | १ | १७६ | १:१७६ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१० देखि १:१७६ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अतः भौगोलिक दुरी टाढा भएमा वालविकास केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

६४. **विद्यार्थी संख्याको सत्यापन-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, स्यानिटरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ।यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ।यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिंदा वास्तविक रुपमा नभएका तर IEMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

६५. **अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षक सहयोग अनुदान -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७९/८० को क्रियाकलाप नं. ७.२.१३.१३ माध्यमिक तह कक्षा (९-१०) तथा आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी,गणित र विज्ञान जस्ता अनिवार्य विषयमा शिक्षक व्यबस्था गरी विद्यार्थी सिकाई उपलब्धि अभिवृद्धि गर्न शिक्षण सहयोग अनुदानको व्यबस्था गरिएको छ । सोका लागि यस क्रियाकलापमा बजेट विनियोजन भएका स्थानिय तहले उक्त बजेटबाट शिक्षण सिकाइ कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदन अनुरुप सामुदायिक विद्यालयको माध्यमिक तह (९-

१०) र आधारभूत तह (६-८) कुनैपनि दरबन्दी वा राहात अनुदान नभएका शुन्य दरबन्दी विद्यालयलाई न्युनतम २ र १ दरबन्दी वा राहात अनुदान भएका विद्यालयलाई गणित, विज्ञान र अङ्ग्रेजी विषयको शिक्षक व्यबस्थापन गर्ने व्यबस्था रहेको छ । पालिकाले दशपल्ले मा.वि मा ३ वटा दरबन्दी हुदाँहुदै विक्रम खत्रीलाई निमावि अंग्रेजी विषयमा नियुक्त गरी तलब भत्ता भुक्तानी गर्दै आएको छ । यसरी कार्यविधिले तोके विपरित भएको भुक्तानी मासिक रु. ३७,९९० का दरले १२ महिनाको हुन आउने रकम नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४,५५,८८० |

६६. **शिक्षक दरवन्दी र पदपुर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३८ सामुदायिक विद्यालय रहेका छन् । सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ । शिक्षक बिद्यार्थी अनुपात नमिलेका विद्यालयको अनुपात मिलानका लागि पालिकाको ध्यान जानुपर्दछ ।

| सि.नं | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ३८ | १७६ | १७६ | १० | ८१७४ | १:४६ |

६७. **शैक्षिक अनुदान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले गगुडा मा.वि शैक्षिक अनुदान वापत रु.१,००,०००।- र त्रिपुरा सुन्दरी वहुमुखी क्याम्पसलाई रु.१,००,०००।- गरी जम्मा रु.२,००,०००।- भुक्तानी गरेकोमा खर्च भएको स्पष्ट खुल्ने कागजात तथा प्रमाण संलग्न राखेको पाईएन । पालिकाले ऐन तथा नियमावलीको व्यवस्थालाई पुर्ण पालना गरी सरकारी रकमको पारदर्शी र मितव्ययी खर्चमा ध्यान दिनु पर्दछ ।

६८. **शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिर पालिकाभरिका विद्यालयहरूमा १६ आधारभुत तह र २३ माध्यमिक तह गरी जम्मा ३९ शिक्षक नियुक्त गरी गाउँपालिका अनुदानवाट रू.५८,०४,५३२।- तलब भत्ता भुक्तानी गरेको छ । शिक्षक विद्यार्थि अनुपात नमिलाई र दरवन्दी मिलान नगरी यसरी गरिएको खर्चलाई मनासिव खर्च मान्न नसकिने हुँदा यस तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६९. **औषधी तथा ल्याब सामाग्री खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्यसम्पादान जमानत पेश गर्दा वाणिज्य बैङ्कबाट जारी भएको कार्यसम्पादन जमानत हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाले ठेक्का नं CRM/ACHHAM/NCB/G/06/2079/80 र CRM/ACHHAM/NCB/G/10/2079/80 रहेको के.एम फार्मेशिबाट रु. ९,२९,४७०.२० सम्झौता रकममा औषधी खरिद तथा रु. ११,८८,६१० सम्झौता रकममा औषधी तथा ल्याब सामाग्री खरिद गर्दा क्रमशः रु. ५,६१,३१५ र रु. ७,३०,४८८ बरारबरको नियम ११० ले तोके बमोजिम बाणिज्य बैङ्कबाट जारि भएको कार्यसम्पादन जमानत पेश भएको पाईएन। पालिकाले खरिद कानुनले तोकेको विधि पुरा गरी खरिद कार्य सम्पन्न गर्नु पर्दछ।

---

७०. **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १६७९ जना रहेका छन। पालिकाले यस वर्ष ३३,०८० थान स्यानिटरी प्याड रु.८,९७,१२९.७० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

---

७१. **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ बर्थिङ सेन्टरमा यस वर्ष ५०० थान को रु. ४,५०,००० खरिद गरेकोमा यस वर्ष ३१९ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १९५ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आंकलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

---

७२. **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २४ महिना

बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले सशर्त तथा समानीकरण बजेट उप शिर्षकबाट रु. ३७,४६,५६० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

७३. **वितरण भरपाई नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई राख्नुपर्ने व्यबस्था छ । कार्यालयले गतिशिल नागरिक समाजका लागि रु. ६,२५,००० बाख्रा खरिद गरेको तर वितरण भरपाई संलग्न गरेको पाईएन । अतः प्रमाण पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२५,००० |

७४. **नयाँ बाख्रा पकेट विकास कार्यक्रम -** नयाँ बाख्रा पकेट विकास कार्यक्रम अर्न्तगत जमुना कृषि तथा पशुपंक्षी फर्मसँग भएको सम्झौता अनुसार जम्मा लागत १ लाख २६ हजारमा गाउँपालिकाबाट अनुदान र रु.७० हजार र फर्मको ५६ हजार लागत सहभागिता हुनेगरी सम्झौता भएकोमा फर्मको खर्च देखिने विवरण पेस भएको देखिदैन यसबाट वास्तविक काम भएको हो वा होईन भनि एकिन हुन सकिएन । पालिकाले छानविन गरी प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२६,००० |

७५. **नयाँ लघुउद्यम विकास कार्यक्रम -** नयाँ लघुउद्यम विकास कार्यक्रमको सिलाई मेसिन, आइरन खरिदको लागि वन्दना एस.ट्रेडर्सलाई रु.२,४१,०११ भुक्तानी भएको देखिन्छ । कार्यक्रमको उद्देश्य बमोजिम सामग्रीको उपयोग सिद्ध हुने गरी सम्झौता बमोजिम हस्तान्तरण गरी वितरण भरपाई संलग्न गरेको पाईएन । अतः वितरण भरपाई सहित प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४१,०११ |

७६. **विल विजक नभएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ९७(६) मा उपभोक्ता समितिले आफुले गरेको खर्चको बिल, भरपाई प्रमाणित गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने र निमय ९७(११) मा पालिकाले उपभोक्ता समितिले गरेको काम पुष्टि गरि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। निम्नलिखित उपभोक्ता समितिले गरेका कामको नापी किताबमा सिमेन्ट प्रयोग भएको परिमाण भन्दा कम संख्याको खरिद गरेको बिल पेश भएको पाईयोः

| गोभौ/मिति | उपभोक्ता समिति | नापि किताबमा | बिलमा पेश भएको | फरक रकम |
|---|---|---|---|---|

| | | देखिएको सिमेन्ट संख्या (बोरा) | सिमेन्ट संख्या (बोरा) | |
|---|---|---|---|---|
| ६५/२०७९।१०।२५ | तौशीझाड खापा निर्माण योजना उस | ११२.४ | ९० | २१७९५ |
| ५५/२०७९।१०।२३ | रामपानी थुवा खानेपानी योजना निर्माण उस | २४ | १४ | ९७३० |
| ७८/२०७९।११।२ | बोहराबाढा कालिकामन्दिर निर्माण उस | २०७ | १३२ | ७२९७५ |
| ११३/२०७९।१२।१३ | चौखुट्टे सार्वजनिक शौचालय निर्माण तथा फोहोर व्यवस्थापन उ स | १६४ | १२० | ४०८७६ |
| ११६/२०७९।१२।१३ | रिखिचडा आग्रिखोला लिफ्ट खापा निर्माण उस | ९४ | ७७ | १६५४१ |
| १८१/२०७९।३।५ | कोठेखेत एक घर एक धारा उस | ५७ | ३५ | १९४४८ |
| १८८/२०७९।३।११ | कालिका मन्दिर निर्माण उस | ९४ | ७१ | २०२३२ |
| २८/२०७९।१२।६ | डुङ्गि आधारभुत विद्यालय | ७९० | ६५५ | ११३४०० |
| ४७/२०७९।३।५ | दक्षिणकाली आधारभुत विद्यालय | ३८० | २९५ | ७७४३५ |
| ९४/२०७९।११।१८ | कालिका मन्दिर निर्माण सेलपाखा उस | १४४ | ७० | ६८७४७ |

| | | | | |
|---|---|---|---|---|
| ९९/२०७९।११।२३ | भवानी आवि घेरा पर्खाल निर्माण योजना उस | ९३.७६ | ३६ | ५७७६० |
| जम्मा रु | | | | ५१८९३९ |

प्राविधिक मुल्याङ्कन बमोजिम विल पेश नभएका उल्लेखिका कार्यहरुको सम्बन्धमा पालिकाले यकिन गरी उपभोक्ता समितिबाट असुलउपर गर्नु पर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,१८,९३९ |

७७. **उपभोक्ता समितिबाट भएका कार्यको लागत अनुमान तथा नापी किताब -** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १० मा सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। देहायका उपभोक्ता समितिको कामको लागत अनुमान तथा उठाईएको नापी किताब अस्वभाविक पाईयोः

| क्रम | उपभोक्ता समिति | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | भवानी आवि घेरा पर्खाल निर्माण योजना उस | ४,८०,००० | जग खनिएको र सो जगमा वाल लागेको भन्दा १४५ मिटर लामो वालमा पिसिसि कार्यको नापी किताबमा देखिएको। थप पिसिसि पुरानो वालमा गरिएको मौखिक रुपमा भनिएपनि नापि किताबमा पुरानो वालको काम सम्बन्धी कैफियत लेखिएको नदेखिएको। |
| २ | सत संगत भवन निर्माण योजना उस | ८,७०,००० | भवनको पुर्ण लागत अनुमान तयार नगरी सो रकम बराबरको लागत अनुमान तयार गरी कार्य गरिएको। भवन अधुरै रहेको अवस्था कार्यसम्पन सम्पन्न विल उठाई भुक्तानी भएको। |
| ३ | गडखेत बसखेत सिंचाई कुलो निर्माण योजना उस | ४,७२,००० | लागत अनुमानमा Massonary wall (1:6) राखिएको तर नापी |

| | | | |
|---|---|---|---|
| | | | किताबमा Mud mortar wall उठि भुक्तानी भएकोले काम गुणस्तरमा असर पर्ने देखिएको |

लेखापरीक्षण योजना बमोजिम छनौट भएका उपभोक्ता समितिहरुको कार्य परीक्षण गर्दा उल्लेखित कैफियत देखिन आएकाले पालिकाले यि विषयहरुमा यकिन हुँदै सबै उपभोक्ता समितिहरुले गरेका कार्य लागत अनुमानको अनुरुपको कार्य र कार्य भए बमोजिमको बास्तविक नापी किताब रहे नरहेको सम्बन्धमा यकिन हुनुपर्दछ।

७८. **ग्याविन जाली -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले चौखुमी तटवन्धन निर्माण योजना उपभोक्ता समितीलाई ग्याविन जालि सम्वन्धी कार्यको भुक्तानि दिँदा वास्तविक काम १४४ घ.मी भएकोमा १६० घ.मी परिमाणको काम देखाई रु.५३१९.२१ प्रति घ.मी का दरले रु.८५,१०७.३६ वढी भुक्तानी दिएकोले बढी भएको रकम सम्वन्धित उपभोक्ता समितीबाट असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,१०७.३६ |

७९ **झोलुङ्गे पुल -** पालिकाले जलजला दासाडा मुलसैना झो. पु उपभोक्ता समितीसँग भएको सम्झौता अनुसार दासाडा झो. पु निर्माणका लागि लाग्ने कुल खर्चको १३ प्रतिशत रकम पालिकाको स्रोतबाट भुक्तानी गर्ने उल्लेख भएकोमा यस आर्थिक बर्षमा कार्यसम्पादन भएको रकम रु.१५,३७,३५६।- भुक्तानी गर्दा सम्झौता अनुसार १३ प्रतिशतले हुने रकम रु.१,९९,८५६। - को साझेदारी पालिकाले गर्नु पर्नेमा कार्यसम्पन्न अनुसारको सवै खर्च रकम झो. पु क्षेत्रगत कार्यक्रमबाट भुक्तानी गरेकोले सम्झौता अनुसारको रकम पालिकाले सोधभर्ना गरी बढी साझेदारी भएको रकम झो. पु क्षेत्रगत कार्यक्रमलाई फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| सोधभर्ना नलिएको | १,९९,८५६ |

८०. **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगायको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले जारी गरेको वील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई

प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले अनियमित रु.

| **क्र.सं.** | **गो भौ नं र मिति** | **उपभोक्ता समितिको नाम** | **उपभोक्ता समिति लाई भुक्तानी रु.** | **संलग्न निर्माण व्यवसायीको नाम** | **निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत रु.** |
|---|---|---|---|---|---|
| १ | ५९/२०७९/१०/२३ | जनता आ वि सल्लीपाटा सडक निर्माण उ.स | ३३६००० | मालिका निर्माण सेवा | ३४९९६१ |
| २ | ५४/२०७९/१०/२० | डाडासुगाडा देखि कैलेको झाड सम्म स्तरोन्नती | ९६०००० | पालिकाको डोजर प्रयोग गरी आन्तरिक राजश्व खातामा दाखिला | ४२३५०० |
| ३ | ११५/२०७९/१२/१३ | कालिका आधारभुत विद्यालय | ४२४५७१ | पालिकाको डोजर र मालिका निर्माण सेवा | ४२४५७१ |
| ४ | १६५,२०८०/१/२७ | चौखुट्टे वडा कार्यालय सम्म ग्रामिण सडक स्तरउन्नती उ स | ७६८००० | पालिकाको डोजर | ३१५००० |
| ५ | १५६,२०८०/१/१९ | सतसंगत भवन निर्माण उ.स | ८७०००० | पालिकाको डोजर | ९०००० |
| जम्मा | | | ३३५८५७१ | | १६,०३,०३२ |

| | |
|---|---|
| अनियमित भएको | १६,०३,०३२ |

८१. **वढी परिमाणको भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले तपसिल बमोजिमको कार्यमा वास्तविक कार्य सम्पादन भएको परिमाण भन्दा वढी परिमाणको कार्य भएको देखाई भुक्तानी दिएको हुँदा वढी भएको रकम सम्वन्धित उपभोक्ता समितीबाट असुल गर्नुपर्ने रु.

| उपभोक्ता समितीको नाम | गो भौ नं र मिति | stone masonary work | | plaster | | three coat white washing | | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | वढी परिमाण | दर | वढी परिमाण | दर | वढी परिमाण | दर | |
| कालिका मन्दिर निर्माण योजना उ.स | १८८,२०८०/३/११ | ०.०८८ | १२६२७.८२ | ४.३२ | ५६८.२१ | ४.३२ | ८२.०७ | ३९२० |
| दक्षिणकाली आधारभुत विद्यालय | ४७,२०८०/३/५ | १.२५ | ५६३४.५० | | | | | ७०४३ |
| जम्मा | | | | | | | | १०,९६३। |
| | | | | | असुल गर्नुपर्ने | | | १०,९६३ |

८२. **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्प्रर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २६ देखि ६० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको

यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र. सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| | चौरपाटी गापा खेलकुद मैदान निर्माण | CRM/ACHHAM/NCB/W/RR/02/2079/080 | मालिका निर्माण सेवा | ५६८०९९३ | ३१६९६२६ | ४४ |
| | चौखुमी पतालचौर ग्रामीण सडक निर्माण | CRM/ACHHAM/NCB/W/RR/03/2079/080 | डि वि निर्माण सेवा | ३७४१७५७ | १४७९६५३ | ६० |
| | देविथुम मन्दिर निर्माण योजना | CRM/ACHHAM/NCB/W/RR/05/2079/080 | मालिका निर्माण सेवा | ७४९८८९ | ५०४९५९ | ३२ |
| | त्रिवेणीधाम निर्माण योजना | CRM/ACHHAM/NCB/W/RR/04/2079/080 | मालिका निर्माण सेवा | ७४७६६० | ५४९७३१ | २६ |
| | वडा नं ३ वडाकार्यालय भवन निर्माण योजना | CRM/ACHHAM/NCB/W/RR/13/2078/079 | न्यु काल भैरव कन्स्ट्रक्सन | ५०२२८८४ | २३८३८८२ | ५२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | देवी माण्डौ माबि | CRM/ACHHAM/NCB/W/RR/03/2078/079 | जय श्री बैजनाथ कन्स्ट्रक्सन | ८६२३९३९ | ४८९४०५१ | ४३ |

८३. **फर्निचर खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क बमोजिम सम्झौता रकमको २० प्रतिशत नबढ्ने गरि पेश्की दिनु पर्ने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा पेश्की दिँदा त्यस्तो पेश्की रकम खाम्ने गरी वाणिज्य बैंङ्कबाट जारी बैङ्क जमानत प्राप्त गर्नुपर्ने लगायतका व्यवस्थाहरु छन्। पालिकाले ठेक्का नं. CRM/ACHHAM/NCB/G/8/2079/80 बाट रु. २५,२६,२८० को फर्निचर एन्जिला ट्रेड एण्ड सप्लायर्सबाट मिति २०७९/८।२३ मा सम्झौता गरि खरिद गरेको देखिन्छ। पालिकाले यसरी खरिद गर्दा पेश्की जमानत नराखि, २० प्रतिशत बढेर रु. १६,६०,००० पेश्की दिएको पाइयो। नियम बमोजिम २० प्रतिशत भन्दा बढी पेश्की तथा पेश्की भुक्तानी गर्दा जमानत नराखि भुक्तानी हुनुले सार्वजनिक खरिद कानुनको पालना नभएको तथा खरिद कार्यको लागि भएको पेश्की भुक्तानीमा जोखिम रहेको देखिन्छ। पालिकाले कानुनी प्रकृया पुरा गरी खरीद कार्य सम्पन्न गर्नुपर्दछ।

८४. **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

८५. **दयापिपलतोला मावि छात्राबास निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क मा अग्रिम बैंक जमानत लिई पेश्की दिन सकिने, पेश्की दिँदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिनु पर्ने, ८० प्रतिशत कार्य सम्पन्न हुँदा सम्म पेश्की फर्छ्यौट गरि सक्नु पर्ने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावलीको नियम १२१ मा सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पुर्वनिर्धारीत क्षतिपुर्ति लगाउनु पर्ने व्यवस्था छ। ठेक्का नं CRM/ACHHAM/NCB/W/BLD/01/2079/080 रहेको दयापिपलतोला मावि छात्रावास निर्माण कार्य गर्न डि.आर. निर्माण सेवासँग रु. ६३,१३,६३९ मा २०८०।३।१५ भित्र सम्पन्न गर्ने गरि सम्झौता भएको देखिन्छ। डि.आर. निर्माण सेवाले २०८०।१।५ सम्मको ११ लाखको पेश्की जमानत (APG) पेश गरेको र पालिकाले नियमबमोजिम सुरुमा आधा रकम मात्र पेश्की दिनुपर्नेमा जमानत बराबरको रकम एकमुष्ट पेश्की दिएको देखिन्छ। त्यस्तै ८० प्रतिशत काम सकिदै पेश्की फर्छ्यौट गर्नुपर्नेमा जमानत मिति भित्र २,२२,००० फर्छ्यौट्य भई बाँकी पेश्की आर्थिक वर्षको अन्त्य सम्म फर्छ्यौट्य भएको देखिन्छ। पालिकाले पेश्की भुक्तानी तथा फर्छ्यौटमा कानुनको पालना गरेको देखिएन। साथै तोकिएको

म्यादभित्र कार्य सम्पन्न गर्नुपर्नेमा सो बमोजिम कार्य सम्पन्न नभई २०८०।३।२४ मा कार्य सम्पन्न विल उठेकोले नियमबमोजिम पूर्वनिर्धारित क्षतिपूर्ती सम्बन्धित निर्माण व्यवसायीबाट असुलउपर गर्नुपर्ने रकम रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २८,४११ |

८६. **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका विषय बिलमा खुलाएको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन सकेन।सबै सूचनाहरु राखी बिल तथा कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्दछ ।

८७. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थपसम्वन्धी विवरण निम्नानुसार छ ।

| ठेक्काको विवरण | सम्झौता मिति | सम्झौतारकम | सम्पन्नगर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | सुरु अबधि को म्याद |
|---|---|---|---|---|---|---|

| | | | | | | थप प्रतिशत |
|---|---|---|---|---|---|---|
| गाउँपालिका भवन | २०७७।३।१४ | ३६९७९१२० | २०७९।०२।१५ | ३६६९२४६० | २०८०।३।२० | ५६ |
| १५ सैयाँ भवन निर्माण | २०७८।३।१७ | १२५२९८७५४ | २०८०।२।१५ | ४९५२२९१० | २०८१।३।३० | ५७ |

पालिकाले उपलव्ध गराएको विवरण अनुसार निर्माण कार्यको शुरु सम्झौता अवधिको आधी भन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

---

८८. **दयापिपलतोला मावि होस्टेल भवन निर्माण -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५ मा खरिद गर्दा लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने, दफा ९ मा बोलपत्रदातालाई बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने लगातका व्यवस्था छन्। पालिकाले दयापिपलतोला माबि छात्रावास भवनको छाना लगायतका कार्यहरुको मर्मत तथा निर्माण गर्न ठेक्का नं. CRM/ACHHAM/NCB/W/12/2079-080 मार्फत ३३,८५,२९७ लागत अनुमान बनाई जारी गरेको सूचनामा तीन बोलपत्र पेश भएकोमा खुशी निर्माण सेवा २६.४६ प्रतिशत कम रु. २४,८९,६१० कबोल गरि छनौट भएको देखिन्छ। पालिकाले सार्वजनिक खरिद नियमावलीको नियम ३७ बमोजिम तयार गरेको विल अफ क्वान्टिटिज (BOQ) मा समावेश गरेका निम्न महत्वपुर्ण कार्यहरु नापी किताबमा काम भएको देखिएन। काम नहुँदा समेत कार्य स्वीकार भएका कार्यहरुमा खुशी निर्माण सेवाले बोलपत्र पेश गर्दा तुलनात्मक रुपमा थोरै दर राखि पेश गरेको देखिन्छः

| कामको विवरण | कामको परिमाण | लागत अनुमान दर | बोलपत्रदाताले पेश गरेको दर | | |
|---|---|---|---|---|---|
| | | | उपहार निर्माण सेवा | डिआर निर्माण सेवा | खुशी निर्माण सेवा |
| E/W in foundation, ground leveling and other necessary works by excavator | २९७ | १२१.२७ | १२० | १५० | ५० |
| Lebar Charge | ३०० | ९० | ४०० | ५०० | ५० |

यसरी शुन्य कार्य गर्दा कार्य स्वीकार हुने कार्यहरु BOQ मा राखिनु र न्युनतम मुल्याङ्कितका रुपमा छनौट भएको वोलपत्रले उल्लेखित कार्यहरु थोरै दरमा सम्पन्न गर्ने गरि प्रस्ताब पेश गरिनु स्वभाविक

देखिदैन। यदि उल्लेखित कार्यहरु BOQ मा नराखिएको भए समग्रमा न्यूनतम वोलपत्रदाताको रुपमा डिआर निर्माण सेवा छनौट हुने देखिन्छः

| बोलपत्रदाता | कबोल रकम (भ्याट बाहेक) | शुन्य काम भएको परिमाण हटाउँदा हुने कबोल अंक (भ्याट वाहेक) |
|---|---|---|
| खुशी निर्माण सेवा | २१,८१,०४० | २१,५१,१९० |
| डिआर निर्माण सेवा | २२,९२,३६९ | २०,९७,८१९ |

कानुनले बोलपत्रदातालाई बिना भेदभाव समान अवसर प्रदान गरेकोमा उल्लेखित अस्वभाविक अबस्थाका सम्बन्धमा पालिकाले छानविन गरि सत्यतथ्य यकिन गर्नुपर्नु पर्दछ।

---

८९. **चौखुमी पातलचौर ग्रामीण सडक निर्माण योजना -** सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम निर्माण व्यवसायीले सम्झौता पत्रमा उल्लेखित मिति भित्र कार्यसम्पन्न गर्नुपर्ने हुन्छ। सम्झौता मिति भित्र ऐनको दफा ५६ र नियमावलीको नियम १२० मा उल्लेखित अवस्था सृजना भएमा प्रकृया पुरा गरी म्याद थप गर्न सकिने व्यबस्था छ। तर म्याद थप नभएमा र सम्झौता मिति भित्र कार्य सम्पन्न भएको अवस्थामा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लगाउनु पर्ने हुन्छ। ठेक्का नं CRM/ACHHAM/NCB/W/RR/03/2079/80 रहेको चौमुख पातलचौर ग्रामीण सडक निर्माण काम गर्न डि डि कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग मिति २०८०।२।१५ मा कार्य सम्पन्न गर्ने गरि रु. २२,६२,१०४ मा सम्झौता भएको देखिन्छ। तर उक्त सम्झौता मिति भित्र कार्य सम्पन्न भएको पाईएन तथा म्याद थप समेत भएको छैन्। पालिकाले म्याद थप नगरि सम्झौता मिति सकिएपछि मिति २०८०।३।२४ मा पूर्वनिर्धारित क्षतिपूर्ति समेत नलगाई रु. १४,२५,८०५ भुक्तानी गरेको देखिन्छ। सम्झौता मिति समाप्त भएपछी गरिएको भुक्तानी नियमसम्मत देखिदैन्। पालिकाले यस ठेक्का सम्बन्धमा पालिकाले प्रचलित कानुन बमोजिम प्रकृया पुरा गरी निर्माण व्यवसायीबाट कार्य सम्पन्न गर्न सकिने नसकिने सम्बन्धमा यकिन गरि कानुन बमोजिम आवश्यक निर्णय लिनुपर्दछ।

---

९०. **चौरपाटी गापा खेलमैदान स्तरोन्नती -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ मा बोलपत्र परीक्षण, दफा २५ मा बोलपत्र मूल्याङ्कनबाट सफल भएका बोलपत्रमा दफा २७ बमोजिम न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं CRM/ACHHAM/NCB/W/GROUND/02/2089/080 चौरपाटी गापा खेलमैदान स्तरोन्नती गर्न रु. ५६,८०,६९३ लागत अनुमान राखि जारी सूचना बमोजिम तीन बोलपत्र पेश भएकोमा समृद्धी विल्डर्स सबैभन्दा कम ४६.०३ प्रतिशत न्यून रु. ३०,६५,६७३ कबोल गरेको तर मुल्याङ्कन समितिले समृद्धी विल्डर्सले पेश गरेको बोलपत्र कागजातहरु माग गरे बमोजिम पेश नगरेकाले छनौट हुन नसकेको निर्णय गरि दोस्रो ४४.२० प्रतिशत न्यून रु. ३१,६९,६२६ कबोल गर्ने मालिका निर्माण सेवा छनौट भएको देखिन्छ। मिति २०७९।७।२७ समृद्धि विल्डर्सले पुनः मुल्यांकन गरिपाउ भनि पालिकालाई निवेदन गरेको र पालिकाले Bid Document को Section III Evaluation and Eligibility Criteria को 2.5

Other Eligibility मा उल्लेखित संस्था दर्ता प्रमाणपत्र पेश नगरेको र पाँच वटा भन्दा बढी ठेक्काको काम रनिङ्ग नभएको स्वघोषणा पत्र नगरेको कारण छनौट हुन नसकेको व्यहोराको जानकारी समृद्धी विल्डर्सलाई गरेको देखिन्छ। पालिकाले उपलब्ध गराएको समृद्धि विल्डर्सको बोलपत्र कागजात परीक्षण गर्दा समृद्धी विल्डर्सले २०८० असार मसान्तसम्म नवीकरण रहेको घ बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ बमोजिम जारी गरिएको घ बर्गको निर्माण व्यवसायी इजाजतपत्र पेश गरेको छ। पालिकाको उक्त कार्यविधिको दफा ३ इजाजतपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्थाको उपदफा २ मा नवीकरण गर्न सम्बन्धित कार्यालयबाट फर्म वा कम्पनीको दर्ता नवीकरण गरेको हुनुपर्ने व्यवस्थाले पालिकामा पेश नभएको भनि अस्वीकृत गरेका केही कागजपत्र पालिकासँग रहेको बोध हुन्छ। लेखापरीक्षणको क्रममा समृद्धी फर्मले इजाजतपत्र नवीकरण गर्दा पालिकालाई पेश गरेका कागजात माग गर्दा पालिकाबाट पेश हुन सकेन्। अतः पालिकाले यस न्यूनतम मुल्याङ्कित बोलपत्र ठेक्काका सम्बन्धमा बास्तविक रुपमा कागजात अपुग भई सम्झौता गर्न असम्भव रहेको र दोस्रो न्यून मुल्याङ्कित बोलपत्र छनौट गर्नुपरेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

९१. **ट्र्याक्टर खरिद -** पालिकाले ठेक्का नं CRM/ACHHAM/NCB/G/VEHICLE/14/2079/080 बाट Tractor with Trolley खरिद गर्न रु. २३,८९,००० लागत अनुमान राखि सूचना बमोजिम दुई बोलपत्र पेश भएकोमा अप्सन नेपाल सबैभन्दा कम २५.१४ प्रतिशत न्यून रु. २०,२१,००० कबोल गरेको भनि मिति २०७९।१२।२९ मा बसेको मुल्याङ्कन समितिले सिफारिस गरेको देखिन्छ। मिति २०८०।१।२३ मा ईन्जिनियर खेम राज चटौतले अप्सन नेपालले पेश गरेको बोलपत्रमा Displacement volume capacity, Gear, Clutch, wheel drive र lifting capacity विशेषताहरु इस्पेशिफिकेशनसँग मेल नखाएको भन्ने प्रतिवेदनका आधारमा दोस्रो २२.२१ प्रतिशत न्यून रु. २०,९९,९९९ कबोल गर्ने किसान ट्रेडिङ्गसँग ट्र्याक्टर खरिद गरेको देखिन्छ। किसान ट्रेडिङ्गसँग भएको खरिद सम्झौताको Special Conditions of Contract (SCC) लेखापरीक्षणको क्रममा पेश नभएको तथा भुक्तानी भईसकेको तीन महिनासम्म ब्लुबुक समेत पालिकासँग रहेको छैन्। अतः पालिकाले ईन्जिनियर खेम राज चटौतले पेश गरेको प्रतिवेदन सम्बन्धमा निश्चित गरि SCC बमोजिम कार्य भए/नभएको सम्बन्धमा यकिन हुँदै उक्त ट्र्याक्टर पालिकाको नाम आएको प्रमाण पेश गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,९९,९९९ |

९२. **जयश्री बैद्यनाथ कन्सट्रक्सनबाट भएका निर्माण कार्य -** सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम निर्माण व्यवसायीले सम्झौता पत्रमा उल्लेखित मिति भित्र कार्यसम्पन्न गर्नुपर्ने हुन्छ। सम्झौता मिति भित्र ऐनको दफा ५६ र नियमावलीको नियम १२० मा उल्लेखित अवस्था सृजना भएमा प्रकृया पुरा गरि म्याद थप गर्न सकिने व्यबस्था छ।तर म्याद थप नभएमा र सम्झौता मिति भित्र कार्य सम्पन्न नभएको अवस्थामा नियम १२१ बमोजमि पुर्व निर्धारित क्षतिपूर्ति लगाउनु पर्ने हुन्छ।त्यस्तै नियम ११० मा डिफेक्ट लायविलिटिजको अवधिभन्दा कम्तिमा एक महिना अवधिको कार्यसम्पादन जमानत (PG) हुनुपर्ने लगायतका व्यवस्था छन्। जयश्री बैद्यनाथ कन्सट्रक्सनबाट भएका निर्माण कार्यहरुमा देहायका कैफियत देखिन्छन्:

| ठेक्का नम्बर | योजना | कैफियत |
|---|---|---|
| CRM/ACHHAM/NCB/ W/BLD/03/2078/079 | देविमांडु मावि भवन निर्माण योजना | · सम्झौता मिति २०८०।३।१५ मा सकिएको<br>· कानुन बमोजिम म्याद थप वा ठेक्का तोड्ने सम्बन्धमा कुनै कार्य नभएको |
| CRM/ACHHAM/NCB/W/ BID/02/2078/079 | दशपल्लेपानी मावि सोकट भवन निर्माण क्रमागत | · सम्झौता मिति २०८०।३।१५ मा सकिएको<br>· कानुन बमोजिम म्याद थप वा ठेक्का तोड्ने सम्बन्धमा कुनै कार्य नभएको |

पालिकाले उल्लेखित योजनाहरुको सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायीबाट कार्य सम्पन्न गर्न सकिने नसकिने सम्बन्धमा यकिन गरि कानुन बमोजिम आवश्यक निर्णय लिनुपर्दछ।

## ९३. **१५ सैयाको अस्पताल भवन निर्माण -**

९३.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले ठेक्का नं CRM/ACHHAM/NCB/W/16/2077/78 स्वाँर /एसोसिएट /रन्जितकार जे· भी· लाई १५ सैयाको अस्पताल भवन निर्माण कार्य रनिङ विलको भुक्तानि दिँदा M25(1:1:2) RCC work वास्तविक काम १४.९७ घनमिटर भएकोमा ६२.०७ घनमिटर अथवा ४७.१ घनमिटर बढी परिमाणको काम देखाई रु.१५,०००। प्रति घ.मी का दरले रु.७,०६,५००। वढी भुक्तानी भएकोले यस सम्वन्धमा पालिकाले एकिन गरी बढी भएको रकम सम्वन्धित निर्माण व्यवसियीबाट असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,०६,५०० |

९३.२ चौरपाटी गाउँपालिकामा ठेक्का नं CRM/ACHHAM/NCB/W/16/2077/78 को निर्माणाधीन १५ सैयाको अस्पताल भवन निर्माण गर्न २०७८।०३।१७ मा निर्माण व्यवसायी स्वाँर /एसोसिएट /रन्जितकार जे· भी· संग रु·१२,५२,९८,७५४।को सम्झौता भएकोमा गाउँ कार्यपालिकाले भेरियसन स्वीकृतिका लागि मिति २०७९।२।२० गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गरेको देखियो ।उक्त पत्रलाई आधार मानी मिति २०७९/७/२५ गते मन्त्रालयले रु.३,०८,१३,०००।रकमको भेरियसन समर्थन गरे पश्चात पालिकाले उक्त निर्माण व्यवसायी सँग थप रु.२,६७,८६,४६१.६७ भुक्तानी दिने गरी पुनः सम्झौता गरी यो आर्थिक बर्षमा रु. ५० लाख पेश्की फर्स्योट सहित रु.४,९५,२२,९१०।को कार्य सम्पन्न भएको देखाई खर्च लेखेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को ५ क (२) मा त्रुटिपूर्ण

डिजाइन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार जाँच वा स्वीकृत गर्ने पदाधिकारी वा सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानूनबमोजिम कारवाहीको भागिदार हुने उल्लेख छ। १५ सैयाको अस्पताल भवन निर्माणको लागत अनुमान तयार गर्दा ब्रेस्ट वाल र रिटेनिङ वाल छुट भएको कारणबाट भेरिएसन गरेको छ। यसरी छुट भएको कामको छुट्टै ठेक्का लगाई गर्न सकिने नसकिने नखुलाई र निर्माणको लागत अनुमान तयार गर्दा पर्याप्त ध्यान नदिने अथवा लापरवाहीपूर्ण कार्य गर्ने व्यक्तीलाई कारवाहीको भागिदार नबनाई ठेक्कामा घटेको प्रतिशतकै अनुपातमा भेरियसन भएको परिमाणको कार्यसम्पन्न गर्ने सम्झौता गर्न पहल नगरी बढी व्ययभार हुन मनासिव देखिएन।

---

९३.३ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० को उपनियम ४ मा कार्यसम्पादन जमानतको मान्य अवधी निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधी भन्दा कम्तीमा एक महिना वढी अवधीको हुनुपर्ने उल्लेख छ । तर पालिकाले ठेक्का नं CRM/ACHHAM/NCB/W/16/2077/78 को नियम अनुसारको समय अवधी भएको कार्यसम्पादन जमानत संलग्न राखेको पाईएन । मिति २०८०/२/१५ मा कार्यसम्पन्न भएको उक्त निर्माण कार्यको मिति २०८०/५/१२ सम्मको मात्र कार्यसम्पादन जमानत संलग्न गरेको हुँदा पालिकाले उक्त ठेक्कामा त्रुटी सुधार हुने अबधिसम्म अथवा मिति २०८१/३/१५ सम्म बहाल रहने कार्य सम्पादन जमानत लिई सम्झौता अनुसार तोकिएको काम सम्पन्न गर्नुपर्दछ ।

---

९४. **डिपिआर खर्च -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने, दफा ३१(२) मा उल्लेखित विषयहरु खुलाएर खरिदको प्रस्ताव गर्नुपर्ने, दफा(३३) मा प्राविधिक प्रस्तावको मुल्याङ्कन गर्नुपर्ने, दफा(३५) मा आर्थिक प्रस्तावको मुल्याङ्कन गर्नुपर्ने लगायतका व्यवस्थाहरु छन्। साथै नियमावलीले यस सम्बन्धमा थप व्याख्या समेत गरेको छ। पालिकाले विभिन्न कार्यहरुको लागि निम्नलिखित डिपिआर खरिद गरेको पाईयोः

| क्रम | डिपिआर नाम | परामर्शदाता | खर्च रकम |
|---|---|---|---|
| १ | बन्जाडेमाडू पर्यटकीय क्षेत्र डिपिआर | के एस इन्जिनियरिङ्ग कन्सल्टेन्सि प्रालि | ६,९४,९५० |
| २ | देविथुम मन्दिर डिपिआर | सुरपाल इन्जिनियरिङ्ग डिजाइन कन्सल्टेन्ट प्रालि | ६,९१,५६० |

पालिकाले उल्लेखित डिपिआर उपलब्ध आन्तरिक जनशक्तिबाट गर्न सकिने/नसकिने सम्बन्धमा मुल्याङ्कन नगरेको, डिपिआर गर्नुपर्ने आवश्यकता पुष्टिहुने आधार पेश हुन नसकेको, लागत अनुमान तयार नगरेको, ऐन तथा नियमावलीले निश्चित गरेका शर्तहरु राखि खरिद प्रस्ताब नगरिएको तथा प्राविधिक मुल्याङ्कनको लागि आवश्यक पर्ने प्रयाप्त कागजातहरु पाईएन। केहि डिपिआरहरु सम्बन्धित कार्य शुरु तथा सम्पन्न

भए पश्चात तयार गरेको पाईयो। अतः पालिकाले खरिद ऐन तथा नियमावलिको प्रकृया पुरा गरि आवश्यक देखिएका आन्तरिक जनशक्तिबाट सम्भब हुन नसक्ने प्रकृतिका कार्यहरुमा डिपिआर खरिद गर्नुपर्दछ।

९५. **पालिक भवनको ग्रिल तथा जालि सम्वन्धी कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाको भवन निर्माण कार्य ठेक्का मार्फत भईरहेको अवस्थामा सोही भवनको ग्रिल तथा जालि सम्वन्धी कार्य ठेक्कामा समावेश नगरी श्री कालिका ट्रेर्डस एण्ड सप्लायर्सबाट रु.९,९४,८४२.९६ मा सोझै खरिद गरेको देखियो । पालिकाले प्रतिस्पर्धा सिमित नहुने गरी खरिद कार्य गर्ने तर्फ जोड दिनु पर्दछ ।

९६. **पालिका भवन निर्माण** -

९६.१ ठेक्का नं CRM/ACHHAM/NCB/W/B/6/2076-077 को मिति २०७९/०२/१५ सम्ममा सम्पूर्ण कार्य सम्पन्न गर्नेगरी रु.३,२७,४२,१४१.९४ मा ( मु.अ कर वाहेक ) गर्ने गरी मिति २०७७/३/१४ गते निर्माण व्यवसायी श्री स्वार कन्स्ट्रक्सन प्रा. ली र पालिका विच सम्झौता भएकोमा समयमै कार्य सम्पादन गर्न नसकी म्याद थप भएको देखिन्छ । पालिकाले यस आर्थिक वर्षमा गाउँपालिका भवन निर्माण शिर्षकबाट रु.५९,७८,५७६।- र चौमुखी पतलचौर ग्रामिण सडक निर्माण योजना शिर्षकबाट रु.१०,३४,७७६।- गरी जम्मा रु.७०,१३,३५२।- यस वर्ष भुक्तानी गरेको छ । यस ठेक्का सम्वन्धमा देखिएका व्यहोरा निम्नबमोजिम छन ।

आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २०मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ ।पालिकाले कार्यक्रम स्वीकृत नगरी अथवा रकमान्तर नगरी भवन निर्माणको भुक्तानी चौमुखी पतलचौर ग्रामिण सडक निर्माण योजना शिर्षकबाट रु.१०,३४,७७६ गरेको हुँदा अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,३४,७७६ |

९६.२ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० को उपनियम ४ मा कार्यसम्पादन जमानतको मान्य अवधी निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधी भन्दा कम्तीमा एक महिना वढी अवधीको हुनुपर्ने उल्लेख छ । तर पालिकाले ठेक्का नं CRM/ACHHAM/NCB/W/B/6/2076-077 को मिति २०८०/३/२० मा कार्य सम्पन्न भए पनी त्रुटी सच्चाउने दायित्व अवधी कायम रहेको अवस्थामा नियम अनुसारको समय अवधी भएको कार्यसम्पादन जमानत संलग्न राखेको पाईएन ।पालिकाले उक्त ठेक्कामा त्रुटी सुधार हुने अबधिसम्म बहाल रहने कार्य सम्पादन जमानत लिई नियमको परिपालना गर्नुपर्दछ ।

९६.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।पालीकाको भवन निर्माण कार्यको भुक्तानी दिँदा अघिल्लो रनिङ्ग विलमा भुक्तानी भएको परिमाण पुनः विलमा देखाई तपसिलबमोजिमको भुक्तानी दिएको हुँदा बढी भएको भुक्तानी निर्माण व्यवसायी श्री स्वार कन्स्ट्रक्सन प्रा. ली बाट असुल गर्नुपर्ने रु.

| क.स | विवरण | हुनुपर्ने परिमाण | भएको परिमाण | ठेक्कामा स्वीकृत दर | वढी रकम |
|---|---|---|---|---|---|
| १ | pcc for rcc 1:1.5:3 | ३५८.६८ | ३५९.८९ | १५००० | १८१५० |
| २ | 12.5 mm thick plaster | ३७६२.९५ | ३७६५.७५ | ३५० | ९८० |
| ३ | supplying and layings of glazed tiles cement sand mortar | २१९.५१ | २२०.७७ | ३५०० | ४४१० |
| ४ | supplying and laying of 16mm thick marble 1:3 | ३८३.४२ | ३८४.४० | ३८०० | ३७२४ |
| जम्मा | | | | | २७,२६४।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,२६४ |

## ९७. सामाजिक सुरक्षा भत्ता वितरण -

९७.१ **सामाजिक सुरक्षा भत्ता वितरण -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ लाभग्राही नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा वितरण गर्नुपर्ने छ । पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत नबील बैंक मार्फत प्रथम, द्वितिय, तृतिय र चौंथो किस्ता गरि जम्मा रु.१२,२०,७०,६०४ वितरण भएको देखिन्छ भने बचत भएको रु. १,८८,४६९ फिर्ता गर्न बाँकी देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-

९७.२ **लाभग्राही नवीकरण-** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राखुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको

देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९७.३ **केवाइसी अपडेट-** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भई सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेको एकिन हुन सकिदैन । अतः बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान: चौरपाटी गाउँपालिका, अछाम , चौरपाटी गाउँपालिका , अछाम**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | धन बहादुर थापा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,३०५,५१८.३६ | ३,९१२,९६९ | २०,५५८,२४३.९४ | ० | १९९,८५६ | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २६,९७६,५८७.३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २६,९७६,५८७.३ |

**स्थानीय तह :**

| **गत बर्षको जिम्मेवारी** | | ११७०१३२५.४७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२९४१८००० | **चालु खर्च** | २९११९९४९०.७८ |
| **प्रदेश सरकारबाट अनुदान** | १०७६७००० | **पूँजीगत खर्च** | ११६७१७९९४.४१ |
| **राजश्व बाँडफाँट** | ८५०८५०८९.५५ | **वित्तीय/अन्य व्यवस्था** | १८५७३२५३०.६५ |
| **आन्तरिक आय** | १०९४८४१२.७९ | | |
| **अन्य आय** | १७३६८९५१२.६ | | |
| **कुल आय** | ६०९९०८०१४.९४ | **कुल खर्च** | ५९३६५००१५.८४ |
| **बाँकी मौज्दात** | | २७९५९३२४.५७ | |